

के तपाईंको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २५ गते बिहीबार ❑ 10 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'सुन काण्डको छानबिन गर्न उच्चस्तरीय समिति बनाउनु पर्छ'

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

नेकपा (एमाले) का सचिव एवं गण्डकी प्रदेश इन्चार्ज गोकर्ण बिष्टले अवैध रूपमा नेपाल भित्रिएको सुन काण्डको छानबिन गर्न कानुनबमोजिम उच्चस्तरीय समिति गठन गर्नेमा जोड दिनुभएको छ।

नेकपा (एमाले) गण्डकी प्रदेश सङ्गठन कमिटीको चौधौँ पूर्ण बैठकका निर्णय सार्वजनिक गर्दै उहाँले भन्नुभयो, "सुन काण्डको छानबिन समिति गठन गरेको खण्डमा एमालेले सदन अवरुद्ध गर्दैन, सरकार पारदर्शी रूपमा अगाडि बढ्नका लागि सुन काण्डको छानबिन समिति बनाउनै पर्छ।"




वर्तमान सरकारले भ्रष्टाचार र दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण गर्न नसकेकोप्रति दुःख व्यक्त गर्नुभयो। साथै चौधौँ पूर्ण बैठकले गण्डकी प्रदेशको प्रथम अधिवेशन आगामी असोज १५ र १६ गते पोखरामा आयोजना गर्नेलगायत विभिन्न आठ निर्णय गरेको जानकारी दिइएको छ।

त्यसै गरि प्रदेशभरिको प्रचार कार्यलाइ ब्यबस्थित बनाउन जिल्लाका प्रचार भेला र क्षमता अभिमुखिकरण गर्ने, प्रदेशको प्रचार एक्सन प्लान कार्यान्वयन गर्ने, प्रदेश अधिबेशन गर्न बाकी सबै जन संगठनहरूका अधिबेशन सम्पन्न गरि उनिहरूको बार्षिक कार्यतालिका निर्माण गर्ने,सामुदायिक सरोकारजन्य बिषयको नेतृत्व गर्ने,प्रशिक्षक प्रशिक्षण कार्यक्रम पालिका तह सम्म बिस्तार गर्ने योजना रहेको उओ सचिब एबम प्रचार तथा प्रकाशन बिभाग प्रमुख रश्मि आचार्यले जानकारी दिए। स्थायी कमिटी सदस्य खगराज अधिकारीले देशलाई बर्बादी तर्फ जान नदिन एमाले थप मजबुत राष्ट्रिय जनसाथका साथ युद्को अग्रमोर्चामा हुनैपर्ने उल्लेख गरे।अधिकारीले एमालेलाई अझै प्रभाबकारी भुमिका खेल्न सक्ने एकल बहुमत सहितको पार्टीको रूपमा स्थापित गर्न अब सबै शक्ति केन्द्रित गर्नुको बिकल्प नभएको उल्लेख्य गरे। कार्यक्रममा ने.क.पा.(एमाले) का केन्द्रिय तथा गण्डकी प्रदेश कमिटीका पदाधिकारीहरूको उपस्थित रहेको प्रचार तथा प्रकाशन बिभाग सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिए।




केलाङ नाचः २९औं विश्व आदिवासी दिवसका अवसरमा बुधबार पोखरामा आयोजित साँस्कृतिक कार्यक्रममा लिम्बु समुदायमा प्रचलित केलाङ नाच प्रस्तुत गर्दै कलाकार। तस्बिरः रामबहादुर थापा / रासस

## आदिवासी संस्कृति युवा पुस्तामा हस्तान्तरण हुनुपर्छ : उपसभामुख थापा

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

गण्डकी प्रदेशसभाकी उपसभामुख विनाकुमारी थापाले आदिवासी समुदायको संस्कृति जोगाउन युवा पुस्तामा त्यसको हस्तान्तरण जरुरी रहेको बताउनुभएको छ।

२९ औं विश्व आदिवासी दिवसका अवसरमा बुधबार शुभकामना सन्देश जारी गर्दै उपसभामुख थापाले आदिवासी जनजातिका संस्कृति, भाषा र भेषभूषा लोप हुँदै जान थालेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ।

आदिवासी जनजाति समुदायको भाषा, संस्कृति र भेषभूषाले नेपाल सांस्कृतिक रुपमा समृद्ध बनेको उल्लेख गर्दै उहाँले आधुनिकता र सूचना प्रविधिको तीव्रतर विकासले आदिवासी जनजाति समुदायका परम्परागत भाषा, संस्कृति लोप हुने खतरा बढेको बताउनुभएको छ। आफ्नो मौलिक पहिचानप्रति युवा पुस्ताले गौरव गर्ने वातावरण निर्माण गर्नुपर्ने भन्दै उपसभामुख थापाले राज्यका हरेक निकायमा आदिवासी जनजाति समुदायको सम्मानजनक र न्यायोचित प्रतिनिधित्वका लागि आवश्यक नीति निर्माणमा ध्यान दिनु आवश्यक रहेकोमा जोड दिनुभएको छ। शुभकामना सन्देशमार्फत् उपसभामुख थापाले आदिवासी समुदायको मौलिक संस्कृतिको संरक्षण गर्न सरोकारवाला समुदाय र निकायको ध्यानाकर्षण समेत गराउनुभएको छ।

## आदिवासी जनजातिको हकअधिकारमा सरकार संवेदनशील रहेको छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आदिवासी जनजातिको हकअधिकारको विषयमा प्रदेश सरकार संवेदनशील रहेको बताउनुभएको छ। विश्व आदिवासी दिवसका अवसरमा बुधबार शुभकामना सन्देश व्यक्त गर्दै उहाँले गण्डकी प्रदेशमा जातीय विविधता रहेको उल्लेख गर्नुभयो।

"जनजाति भाषा, संस्कृति, परम्परागत ज्ञान, तथा प्राकृतिक स्रोतका धनी समुदाय मानिन्छन्। अधिकार तथा आर्थिक विकासका दृष्टिकोणले अझै उत्पीडित र विभिन्न वर्ग समुदायमा रहेका जनजातिको उत्थान गर्ने दायित्व हामी सबैको हो", सन्देशमा भनिएको छ। संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वभरिका आदिवासी जनजातिले सन् १९९५ देखि जनजाति अधिकारका लागि अन्तर्राष्ट्रिय पर्वको रूपमा यो दिवस मनाउँदै आइएको र 'आत्मनिर्णयका लागि परिवर्तनका संवाहक आदिवासी युवा' भन्ने नाराका साथ आज संसारभरिका आदिवासी समुदायले यो दिवस मनाइरहेको सन्देशमा उल्लेख छ।

## गण्डकीमा एम्बुलेन्सका लागि हटलाइन सेवा

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले एम्बुलेन्स सेवाका लागि हटलाइन नम्बर सञ्चालनमा ल्याएको छ। पैसा नलाग्ने नम्बर १०२ मा फोन गरेर जो-कोहीले सजिलै एम्बुलेन्स सेवा प्राप्त गर्न सक्ने छन्।

प्रदेश स्वास्थ्य मन्त्री सुशीला सिम्खडाले एम्बुलेन्स परिचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन मन्त्रालयमा स्थापित प्रेषण केन्द्रबाट मङ्गलबार सो सेवाको शुभारम्भ गर्नुभयो। सो अवसरमा उहाँले प्रदेशभरिका नागरिकले एम्बुलेन्स

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महानगरले जनताको ढाँड सेक्ने गरी कर लिन लागेको भन्दै नागरिक समाजद्धारा बिरोध प्रर्दशन

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

पोखरा महानगरपालिकाले चालु आर्थिक बर्षदेखि घर जग्गा कर ३ सय प्रतिशतसम्म बृद्धि गरेको भन्दै पोखरामा बिरोध प्रर्दशन भएको छ।

गत बर्षके कर यथावत कायम गर्न जोडदार माग गर्दै जागरुक नागरिक समाज कास्की, पोखराले अन्यथा कर बृद्धि भएको बिरोधमा थप आन्दोलनका कार्यक्रम गर्ने चेतावनी दिएको छ।

प्रदेश तथा स्थानिय तहले घर जग्गा तथा सवारी एवं व्यवसायी करमा अस्वभाविक करको दर बृद्धि गरी आम जनताको ढाड सेक्ने काम भएको भन्दै त्यसलाई पुनः विचार गर्न समाजका अध्यक्ष रामहरि ढुंगानाले आग्रह गर्नु भएको छ। गत बर्षको तुलानामा यस बर्ष ३ सय गुणासम्म घर जग्गाको करमा बृद्धि गरेकोले त्यसको बिरोधमा आफूहरुले मंगलबार पोखराको चिप्लेढुंगा देखि न्यूरोड हुदै महानगरको कार्यालयसम्म बिरोध गर्दै केही समय महानगरको मुल गेटमा धर्ना दिदै पोखराका मेयर धनराज आचार्यलाई ज्ञापन पत्र समेत बुझाएको उहाँले बताउनु भयो। बैंक तथा बित्तिय क्षेत्रबाट प्रभावित भएको अवस्थामा प्रदेश सरकारले सवारी नविकरण, पैत्रिक सम्पत्ति, अंश बण्डा तथा नामसारी गर्दा लगाएको दस्तुरले आम नागरिक आर्थिक मन्दिरले थला परेको अवस्थामा स्थानिय सरकारले भौगोलिक क्षेत्र मनन नगरी थोपरेको संघ संस्था नविकरण दस्तुर घर जग्गा एकिकृत सम्पत्ति कर लगायतका अन्य जुन करहरु तथा दैनिक उपभोग्य बस्तुहरुमा गरिएको अस्वभाविक करको दरले जनताको ढाँड सेक्ने काम भएको अध्यक्ष ढुंगानाले दाबी गर्नु भयो।

महानगरपालिकाले गत आर्थिक वर्षको तुलनामा सम्पत्ति, व्यवसाय, बहाल, भूमि लगायत आन्तरिक राजस्वका सबै शीर्षकमा केही वृद्धि गरेको छ। पोखरा महानगरका मेयर धनराज आचार्यले यस अघि जे भए पनि यस बर्ष देखि अधिकांश पिड सडक भएको क्षेत्रमा जग्गाको मुल्य स्वभाविक बढ्ने भएकोले घर तथा जग्गाको कर बृद्धि भएको दाबी गर्नु भयो। यस अघि महानगरले बार्षिक न्यूनतम घर तथा जग्गाको १ सय ५० रुपैया लिने गरेकोमा यस बर्ष देखि भने ५ सय लिन थालेको मेयर आचार्यले बताउनु भयो। जग्गाको मुल्याङकन बढेसँगै करको दर केही बृद्धि हुने, सडक नभएको र कच्चीसडकबाट अब पिच भएको अवस्थामा घर तथा जग्गाको समेत करको दरमा केही बृद्धि हुने भएको मेयर आचार्यले बताउनु भयो। जग्गाको न्युनतम अनुपात मालपोत सगँ मिलाउदा जग्गाको मुल्यांकन बढेकोले गर्दा पनि कर बृद्धि भएको मेयर आचार्यको भनाई छ।

मेयर आचार्यले भन्नुभयो, "आज भोली दैनिक जसो एक दुई जना यस्तै घर जग्गाको करको बिषयमा गुनासो लिएर मकहाँ आउने गर्नु हुन्छ, मैले राजश्व शाखामा एक पटक बुझ्न जानुहोस थप केही परे पुनः आउनु भन्दा हालसम्म कोही पनि आउन परेको छैन्।" पोखरा महानगरका उपमेयर मन्जुदेवि गुरुङले पोखरा महानगरपालिकाले करको दर बृद्धि नगरेको बताउनु भयो। जग्गाको मूल्यांकन बढेसँगै केही करको दर बृद्धि भएको उहाँको भनाई थियो। धेरै करका दरमा हेरफेर नगरेको महानगरपालिकाले आर्थिक ऐन २०८०/८१ मार्फत केही शीर्षकमा वृद्धि गरेको छ।

## पोखराको फोहर पुनः लामेआहालमा विसर्जन

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

कास्कीको पोखरा महानगरपालिकाको फोहर १३ दिनपछि मङ्गलबार विर्सजन गरिएको छ। पोखरा-३२ लामेआहालस्थित अस्थायी ल्यान्डफिलमा फोहर पुनः विसर्जन गरिएको हो।

स्थानीयले अवरोध गरेपछि विगत १२ दिनदेखि फोहर त्यसै थन्किएको थियो। पोखरा बजार फोहरका कारण दुर्गन्धित बन्दै गएपछि जिल्ला सुरक्षा समितिले स्थानीय अवरोध हटाउन पहल गरेको थियो। महानगरका प्रमुख धनराज आचार्य, उपप्रमुख मन्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापा, प्रवक्ता मोतीलाल तिम्सिना, फोहर व्यवस्थापन समितिका संयोजक रामचन्द्र अधिकारी, विभिन्न वडाका वडाध्यक्षलगायतको उपस्थितिमा छलफल गरिएको थियो। महानगर प्रमुख आचार्यले फोहरमैलाको दिगो व्यवस्थापन गर्न स्थायी प्रशोधन केन्द्र सञ्चालनका लागि जग्गा प्राप्तिको प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो। स्थानीयले फोहर विसर्जन गर्न नदिएपछि अदालतसम्म पुगेको उक्त विषयका सम्बन्धमा उच्च अदालत पोखराले फोहोर विर्सजन गर्ने कार्यमा अवरोध सिर्जना नगर्न आदेश दिएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सातौं पोखरा स्पोर्ट्स अवार्डको आयव्यय सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

सातौं पोखरा स्पोर्ट्स अवार्ड २०७९ को आय व्यय सार्वजनिक गरिएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले मंगलबार एक कार्यक्रमको आयोजना गरेर आय व्यय सार्वजनिक गरेको हो ।

अर्वाड कार्यक्रमको लागि २६ लाख ९९ हजार १२ रुपैयाँ आम्दानी भएकोमा २५ लाख ८७ हजार २ सय ५५ रुपैयाँ खर्च गरेर १ लाख ११ हजार ७ सय ५७ रुपैयाँ बचत भएको मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए। कोषाध्यक्ष कविता घर्ती मगरले पेश गरेको आय व्यय विवरण सुझाब सहित पारित गरिएको थियो । मञ्चको पाँचौ स्थापना दिवसको अवसरमा आयोजित सो कार्यक्रममा सातौं संस्करणको स्पोर्ट्स अवार्डको समीक्षा समेत गरियो । अवार्ड कार्यक्रमलाई आगामी दिनमा थप परिस्कृत र परिमार्जित गर्दै लैजानुपर्नेमा सहभागीले जोड दिए। मञ्चका निवर्तमान अध्यक्ष एकराज गिरी, सल्लाहकार रञ्जन अधिकारी क्षेत्री, निवर्तमान महासचिव बिजय नेपाल, सदस्यहरू रोहितराज पराजुली, दीपक परियार, विजय नेपाली लगायतले पोखरा स्पोर्ट्स अवार्डसँगै मञ्चले गर्ने विभिन्न गतिविधिका सम्बन्धमा महत्वपूर्ण सुझाव दिएका थिए।

मञ्च अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा कालावाङ घरेडी सामुदायिक होमस्टेमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिम्सिना पंगेनी, संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवाली, उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव राजाराम पौडेलले मञ्चको स्थापना दिवस




र सातौं पोखरा स्पोर्ट्स अवार्डका सम्बन्धमा बोलेका थिए।

सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड गत बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना भएको थियो । अवार्ड अन्तरगतको वर्ष उत्कृष्ट खेलाडी पुरुष तर्फको पुरस्कार क्रिकेटका करण केसी र वर्ष उत्कृष्ट खेलाडी महिलातर्फको पुरस्कार फुटबलकी सावित्रा भण्डारीले हात पारेकी थिइन। अवार्ड अर्न्तगत उदीयमान खेलाडीतर्फ क्रिकेटका सुवास भण्डारी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङले बाजी मारेका थिए । लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानी, वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड कास्की जिल्ला ह्यान्डबलसंघ र वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड सागरराज तिमिल्सिनालाई प्रदान गरिएको थियो। यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा दुर्घटनामा परी गत असोज ३० गते निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापाको योगदानको कदर गर्दै कीर्तिशेष सम्मान गरिएको थियो।

अवार्ड कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारको विषेश सहयोग रहेको थियो। यसैगरी पोखरा महानगरपालिका, प्रदेश खेलकुद परिषद गण्डकी, राष्ट्रिय खेलकुद परिषद, कमारु ट्रेडिङ (केल्मी), टेल्जि नेपाल, तमु धिं युके, सहारा युके, सुपर मादी हाइड्रो कम्पनी, नेपाल पर्यटन बोर्ड, मझेरी रिसोर्ट एण्ड स्पा, सहारा क्लब पोखरा, ह्यूस्टन एजुकेशन, टाईगर गुप्र अफ पोखरा नेपाल, स्व.सेनानी हेमबहादुर पुनको परिवार, सिटिजन फर्निचर ट्रेड लिंक, परिचय एड् भर्टाइजिङ, मादी गाउँपालिका, बुमराङ रेष्टुरेन्ट, भूतपूर्व खेलाडी मञ्च, साइमन पार्टी प्यालेस, रुपा गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, सिर्जना विकास केन्द्रले अवार्ड कार्यक्रममा सहयोग गरेका थिए।

यसैगरी तमानखोला गाउँपालिका, आभ्या क्लब, बतास अर्गनाइजेसन, मञ्चका पूर्व अक्ष्यक्ष प्रेमनारायण न्यौपाने, आँगन स्विट्स न्युरोड, यति एयरलाइन्स, पोखरा महानगरपालिका वडा नं.३, निसिखोला गाउँपालिका, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ,सञ्चारकर्मी गोविन्द थापा सिञ्जाली, सहारा हङकङ, नेपाल टेलिकम पोखरा, कास्की जिल्ला टेनिस संघ, पोखरा उद्योग वाणिज्य संघ, पब्लिक फोर के टेलिभिजन, सरुमा चुलो, वल्ड लिंक, होटल बाराही, अटोवेज प्रालि, क्लासिक चुलो, नेपाल औषधी व्यसायी संघ कास्की, कर्मचार्य ट्रेडिङ कोसेली तेल, युनाइटेड क्लब, नेपाल मुआथाई संघ गण्डकी, हाम्रो हस्तकला काठमाण्डौं, पोखरा महानगरपालिका वडा नं.१२ र १५, ओम बुद्ध नर्सरी, नेपाल हवाई खेलकुद संस्था, पोखरा महानगरपालिका वडा नं. ४ र ९, पश्चिमाञ्चल सामुदायिक अस्पताल, प्रदेश खेलकुद परिषद गण्डकीका सल्लाहकार सुनिल गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, हाम्रो सोफा होम एण्ड इलेक्ट्रिक्स, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, बगर भाइखल, बिजी ट्रेड लिंक, फुडमाण्डु, रुपाकोट सुनचाँदी पसल, नेपाल आयल मिल, एसके साउण्ड एण्ड म्युजिक पोखरा लगायतले समेत अवार्ड कार्यक्रममा सघाएको मञ्चले जनाएको छ।

मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै २०७५ सालमा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्।

# वनलाई समृद्धिको आधार वनाउनु पर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन



सामुदायिक वनको प्राकृतिक श्रोतलाई संरक्षणकर्ताको अधिकारको सुनिश्चित सहित मुलुकको समृद्धिको आधार बनाउनु पर्नेमा बुधबार यहाँ आयोजित एक कार्यक्रममा जोड दिइएको छ।

"उत्पादन, रोजगार र संमृद्धिका लागि सामुदायिक वन व्यवस्थापन" यस बर्षको नारा रहेको सामुदायिक वन दिवसको अवसरमा सामुदायिक वन उपभोक्ता महासंघ कास्कीद्धारा पोखरा २५ सुईखेतस्थित एक्लेगरा सामुदायिक वनमा आयोजित बृक्षारोपण कार्यक्रममा बोल्ने बक्ताले वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन । सो अवसरमा सामुदायिक वन समुहको खाली क्षेत्रमा निम, तेजपात, चाँप,हर्रो, बर्रो लगायत विभिन्न जातका ३०० विरुवा रोपिएको थियो । आवश्यक विरुवा डिभिजन वन कार्यालय कास्कीबाट उपलव्ध गराईएको सामुदायिक वन उपभोक्ता महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले जानकारी दिनुभयो। सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समितिका कास्कीका उपप्रमुख सरिता कुमालले चाँपको विरुवा रोपेर कार्यक्रमको शुभारम्भ गर्दै रोपिएका विरुवाको उचित संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। पोखरा महानगरपालिका वडा नं. २५ वडाअध्यक्ष एवम् महानगरका प्रवक्ता मोतिलाल तिमिल्सिनाले वातावरण संरक्षणमा महत्वर्पूण भूमिका खेल्दै आएको सामुदायिक वनलाई उपभोक्तासंगै मुलुकको समृद्धिसंग जोडनु पर्ने खाँचो औल्याउनुभयो।

सामुदायिक वनमा काठ कुहिएर नष्ट हुने र विदेशबाट अरवौ रुपैयाको काठ तथा काठ जन्य सामाग्री आयात हुने प्रवृद्धिको अन्त्य गर्दै स्वदेशी काठको प्रयोग बढाउनु पर्नेमा उहाँको जोड थियो। महासंघका केन्द्रीय सदस्य हरि बास्तोलाले सामुदायिक वन काठको लागि मात्र नभई वातावरणीय र भूक्षय रोक्नमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै यसको उचित उपयोगका लागि तीनै तहका सरकार जिम्मेवार हुनु पर्ने आवश्यकता औल्याउनुभयो। गण्डकी प्रदेश अध्यक्ष कालिदास सुवेदीले सामुदायिक वनको अवधाणाले नांङ्गा डाँडापाखा हरियालीमा परिणत भएको बताउँदै उपभोक्ताको योगदानको उच्च कदर गर्दै वन पैदावारमा जथाभावी कर नलगाउन सातवटै प्रदेश सरकारसंग जोडदार माग गर्नुभएको छ । वन समुहका अध्यक्ष दिननाथ अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछाने, लियो क्वलका डिष्ट्रिक एडभाइजर पुजन शाक्य लगायतले वृक्षारोपाको आवश्यकता एवम् वातावरण संरक्षणमा सामुदायिक वन खेल्दै आएको भूमिकाका वारेमा चर्चा गर्नुभएको थियो।

वन समुहका सचिव माधव अधिकारीका अनुसार चार हेक्टर क्षेत्रफल रहेको वन समुहमा २२ घर परिवार उपभोक्ता आवद्ध छन् । सामुदायिक वनको संरक्षण र प्रवर्द्धनसंगै बाँदर लगायत वन्यजन्तुको आतंक बढेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो। वृक्षारोपण कार्यक्रममा लियो क्लव अफ पोखरा गण्डकीका पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो।

# गण्डकीमा...

प्रेसण केन्द्रबाट लाभ लिने बताउनुभयो।

नेपाल सरकारले ल्याएको राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम गण्डकी प्रदेशमा पनि एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न सुरु गरिएको मन्त्रालयका उपसचिव उदयबहादुर पराजुलीले बताउनुभयो। प्रदेशभित्र सञ्चालित सबै एम्बुलेन्सलाई क्रमशः जिपीएस प्रणालीमा जोडेर एकद्वार सेवामा आबद्ध गरिने उहाँको भनाइ छ । "प्रेषण केन्द्र सञ्चालनमा आइसकेको छ, जुनसुकै बेला एम्बुलेन्स चाहिएमा १०२ मा फोन गरेर सेवा लिन सकिन्छ", उहाँले भन्नुभयो, "प्रेषण केन्द्रमा भएका कर्मचारीले बिरामी र एम्बुलेन्स चालकबीच सहजीकरण गर्छन्, एकैछिनमा बिरामी भएकै ठाउँमा एम्बुलेन्स पुग्छ ।" बिरामीले फोन गरेर आफ्नो नाम र ठेगाना बताएपछि जिपीएसबाट हेरेर त्यस क्षेत्र नजिकमा रहेको एम्बुलेन्सलाई बिरामी भएको ठाउँसम्म पठाउने प्रबन्ध प्रेषण केन्द्रबाट हुने मन्त्रालयले जनाएको छ । प्रदेशभित्र हाल सञ्चालनमा रहेका एक सय २२ एम्बुलेन्समध्ये ३८ एम्बुलेन्समा मात्र जिपीएस जडान गरिएको छ। अहिले प्रदेशमा 'क' र 'ख' गरी दुई वर्गका बाँडेर एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ। 'क' वर्गको एम्बुलेन्समा आइसीयू र 'ख' मा तालिमप्राप्त स्वास्थ्यकर्मीसहितको सेवा उपलब्ध छ। उपसचिव पराजुलीले जिपीएससहितको हटलाइन सेवाले एम्बुलेन्स परिचालनलाई व्यवस्थित र पारदर्शी बनाउने बताउनुभयो । "एम्बुलेन्सको भाडामा कसैले मनलाग्दी गर्न पनि मिल्दैन, सबै काम एकीकृत प्रणालीबाट हुन्छ, यसबाट नागरिकलाई पनि सहज र छिटो सेवा पुग्छ", उहाँले भन्नुभयो, "अस्पताल जान एम्बुलेन्स नपाउने, समयमा नआउने अवस्थाको अन्त्यका लागि यो सेवा सञ्चालनमा ल्याइएको हो।"

प्रेषण केन्द्रमा थप जनशक्ति प्रबन्ध गरेर हटलाइन सेवालाई व्यवस्थित गर्दै लगिने मन्त्रालयले जनाएको छ। यो सेवालाई जिल्ला तहमा पनि विस्तार गर्ने योजना प्रदेश सरकारको छ।

# स्याङ्‌जामा ९० प्रतिशत रोपाइँ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ साउन

स्याङ्जामा धान उत्पादन हुने कुल क्षेत्रफल मध्येको ९० प्रतिशत भू-भागमा रोपाइँ सम्पन्न भएको छ।

साउनको तेस्रो हप्तासम्म आईपुग्दा जिल्लाका १८ हजार हेक्टर खेतीयोग्य जमिनको ९० प्रतिशत भू-भागमा रोपाइँ सम्पन्न भएको हो । समयमै प्रर्याप्त वर्षा नहुँदा धान रोपाइँ हुने जमिन मध्ये ३ प्रतिशत कम जमिनमा रोपाइँ भएको छ। पछिल्लो समय आवश्यक जनशक्तिको अभाब, बढ्दो बसाईसराई, समयमै प्रर्याप्त वर्ष नहुँदा जिल्लामा गतवर्षको तुलनामा यसवर्ष कम क्षेत्रफलमा रोपाइँ हुने भएको कृषि ज्ञान केन्द्र स्याङ्जाले जनाएको छ। खेतयोग्य जमिन मध्ये गत वर्ष ९८ प्रतिशत रोपाइँ भएको थियो, भने यसवर्ष धानखेती हुने भु-भाग मध्ये ९५ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ हुने अनुमान गरिएको छ।


"जिल्लाको उपल्लो भागहरुमा छिटै रोपाइँ गर्नुपर्ने मौसमी बाध्यता थियो तर समयमै अर्थात धान रोपाइँ शुरु हुने समयमा वर्षा हुन नहुँदा केहि जमिन बाँझै रहेका छन् ।" ज्ञान केन्द्रका प्रमुख विनोद हमालले भने, "वर्षैनि रोपाइँको क्षेत्रफल घट्दै गएको छ ।" बढ्दो शहरीकरण, युवाहरु वैदेशिक रोजगारीमा जानु, मौसम प्रतिकुलतालगायतका विविध कारणले खाद्यान्न उत्पादन क्षेत्रफल अनुपात घट्दै गएको हमालले बताए। ११ पालिकामध्ये हरिनास गाउँपालिकामा रोपाइँ सकिएको छ । हरिनासमा ९५ प्रतिशत रोपाइँ भएको छ भने सबै भन्दा कम कालीगण्डकीमा ७० प्रतिशत रोपाइँ भएको छ । साउनको अन्तिम सातामा सबै पालिकामा रोपाइँ लागि तयारी अवस्थामा रहेका खेत तथा ब्याडहरु रोपेर सकिने ज्ञान केन्द्रको अनुमान छ। जिल्लामा १६ हजार बर्खे र २ हजार चैते धानखेती हुने भूभाग गरी १८ हजार धानखेती हुने क्षेत्रफल छ। हाईब्रिट जातका धानहरु बजारमा भित्रिए पनि स्थानीय कृषकले उन्नत जातको धान नै लगाउने गरेका छन् । हाईब्रिटमा छिट्टै रोगले आक्रमण गर्ने भएकाले कृषकहरु उन्नत जातका धानमा आर्कषित छन् । सावित्रि, सुनौलो सुगन्धलगायतका उन्नत जातका धान नै कृषकले लगाउँदै आएको केन्द्रले जनाएको छ । उन्नत जातको धानका लागि जिल्लामा १५ वटा बिउ उत्पादक समुह छन् । समुहले उत्पादन गरेका उन्नत जातका धान अन्य जिल्लामा समेत निर्यात भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। जिल्लामा अझै १२ प्रतिशत क्षेत्रफलमा परम्परागत गुडुला, जर्नेलीलगायतका धान रोप्ने गरिएको छ भने १५ प्रतिशत क्षेत्रफलमा हाईब्रिट लगाउने गरिएको छ। जिल्लाका कालीगण्डकी, आँधीखोला, ज्याग्दीखोला किनार, चापाकोट फाँट, सेतीदोभान र बिरुवा फाँट धान खेतीका उर्वर क्षेत्र हुन । यसैगरी, दहथुम, स्वरेक, खिलुङ, पुतलीबजार, वालिङ नगरपालिका, रत्नपुर, मल्यांकोट, चिन्नेवास, बिर्घा, अर्जुनचौपारी, तुलसीभन्ज्याङ, जगतभन्ज्याङ, गल्याङ पनि धान प्रमुख उत्पादक क्षेत्र हुन।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# पवित्र ठाउँमा अपवित्र व्यक्ति

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले लुम्बिनी विकास कोषमा विवादास्पद छविका ल्हारक्याल लामालाई उपाध्यक्ष नियुक्त गरेका छन । सुशासनको प्रत्याभूति दिलाउने गरि काम गर्ने वाचा गरेका प्रधानमन्त्रीले प्रतिबद्धता विपरीतको कार्य गरेका छन् । लुम्बिनी विकास कोषमा नियुक्त हुने पात्र निष्कलंक र सबैले सम्मान गर्ने हुनुपर्ने हो । ल्हारक्याल सामान्य विवादमा परेका व्यक्तिमात्रै होइनन् लुम्बिनी जस्तो पवित्र ठाउँमा काण्डै काण्डमा परेका व्यक्ति हुन । लुम्बिनी जुन पवित्रता छ, त्यसको ठिक विपरीतकै पात्र हुन् । लुम्बिनी अहिंसाको पर्याय पनि हो । त्यहाँ ल्हारक्याल भने बन्दुर बोक्ने मान्छे हुन् । गौतम बुद्धको जन्मस्थलको संरक्षण प्रवर्द्धनमात्रै कोषको काम होइन, समग्र बौद्धमार्गकै हित गर्ने पनि हो ।

बुद्धले भनेको पञ्चशीलको सिद्धान्त विपरीतको व्यवहार भएका व्यक्ति हुन्, ल्हारक्याल । झुठो नबोल्नु, नढाँट्नु र कसैलाई अपमान नगर्नु वा कसैको अहित नगर्नुजस्ता आवश्यक सामान्य मानवीय गुणविपरीत ल्हारक्याल करोडौं ठगीमा समेत मुछिएका व्यक्ति हुन् । गेरुवस्त्र धारण गरे पनि न पञ्चशील न अष्टशील पालनामा ल्हारक्यालको अनुशासन देखिन्छ। उनी त बौद्धमार्गको नेतागिरी र दादागिरीबाट आफूलाई सधैं शक्ति र सत्ताको नजिक रहेर उल्टोउल्टो बाटो हिँडिरहेका छन् । त्यस्तालाई नियुक्तिका लागि अप्ठ्यारो नमानी उल्टै अरुलाई घम्क्याउने सोच नेपालमा बौद्धमार्गको हितमा लाग्ने अरू कोही नभएजस्तो गरी प्रधानमन्त्रीले मन्त्रिपरिषद्बाट ल्हारक्यालको नियुक्ति गरेर सच्चा बौद्धमार्गीको आत्मसम्मानमाथि नै पनि चोट पुऱ्याएका छापछौटे हो उनको नियुक्ति यस्तो बेला पनि भएको छ, जतिबेला प्रधानमन्त्रीले आफ्नै पार्टीको रूपान्तरणको अभियान पनि घोषणा गरेका छन् ।

तर व्यवहारमा भने ठिक उल्टो सुरुआत पनि त्यही बेला गरेका छन्। उच्च नैतिक चरित्र भएको हुनुपर्ने भन्ने सर्त सरकारी वा गैरसरकारी नियुक्ति वा पदाधिकारीका लागि आवश्यक हुन्छ भने लुम्बिनी कोषजस्तो बौद्ध धर्म, दर्शन र संस्कृतिको सबैभन्दा गरिमामय संस्थामा ल्हारक्याल कसरी सुहाउँथे ? ल्हारक्याल भने नैतिकताको कसीमात्रै कमजोर नभई आपराधिक गतिविधिमै संलग्नताको आरोपित भएको हुँदा कुनै पनि दृष्टि र कसीमा उनको नियुक्ति सही ठहरिन्न ।

नागरिकता विवादमा समेत परेका ल्हारक्याल पैसाकै भरमा कहिले कांग्रेसबाट सरकारी नियुक्ति लिन सफल भए । कहिले एमालेबाट सांसद र मन्त्री भए अनि माओवादीको शरण परे। अवसरका लागि रंग फेरिरहने ल्हारक्यालको नियुक्ति जति लज्जास्पद छ, त्योभन्दा बढी अस्वीकार्य पनि। प्रधानमन्त्रीले उनको नियुक्तिलाई फिर्ता लिएर लाज ढाक्नमात्रै होइन, गल्ती सच्च्याउन हिच्किचाउनुपर्दैन । उच्च नैतिक चरित्र भएको राजनीतिकर्मीको गुण भनेको गल्ती सच्च्याउने तत्परता पनि हो । त्यो अपेक्षा प्रधानमन्त्रीसँग गरिनु स्वाभाविक छ। हिंसा छाडेर शान्तिमार्गमा आएको हुँदा कहिलेकाहिँ आफूलाई सम्राट अशोकसँग तुलनासमेत गर्न भ्याउन प्रधानमन्त्रीले कम्तीमा आफ्नो त्यही वचन साँचो तुल्याउन पनि हिंसासँग जोडिएको व्यक्तिलाई काखी च्याप्ने भूल फिर्ता गर्नु हितकर नै हुनेछ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | मानसिक तनाव | तुला | कार्यमा सफलता |
| वृष | शारीरिक झमेला | वृश्चिक | मन चञ्चल |
| मिथुन | व्यापारमा लाभ | धनु | सहयोग मिल्नेछ |
| कर्कट | अप्रत्यसित लाभ | मकर | सत्कार मिल्नेछ |
| सिंह | शत्रुको भय | कुम्भ | सम्मान मिल्नेछ |
| कन्या | झमेला बढ्ने | मीन | आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# डेङ्गुको सङ्क्रमण बढ्दै, १० हजार नाघ्यो

रासस
काठमाडौं, २४ साउन

डेङ्गु भाइरसको सङ्क्रमण बढ्दै गएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले बुधबार सार्वजनिक गरेको तथ्याङ्क कमा दश हजार सात सय २६ जनालाई डेङ्गु सङ्क्रमण देखिएको छ । सङ्क्रमण ७४ जिल्लामा फैलिएको छ भने सात जनाको मृत्यु भइसकेको छ।

महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासनीले लगातार परिरहेको पानी र ससफाइमा ध्यान नदिंदा डेङ्गु सङ्क्रमण बढिरहेको बताउनुभयो । उहाँले यसैगरी डेङ्गु सङ्क्रमण बढ्दै जाने हो भने भदौ र असोजमा उच्च हुने बताउनुभयो । सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा सङ्क्रमण र ८८ जनाको मृत्यु भएको थियो । सङ्क्रमण देखिएकामध्ये सबैभन्दा बढी सुनसरीमा भेटिएको छ। महाशाखाका अनुसार सुनसरीमा छ हजार ४१ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेङ्गु रोग लाग्छ। यसपटक कोशी प्रदेशमा सङ्क्रमण बढेको पाइएको छ । कोशी प्रदेशमा आठ हजार एक सय नौ जना, बागमती प्रदेशमा एक हजार चार सय ५३ जना, गण्डकी प्रदेशमा चार सय ७१ सुदूरपश्चिम प्रदेशमा तीन सय ९३ जना, लुम्बिनी प्रदेशमा दुई सय १५ जना, मधेस प्रदेशमा ५७ र कर्णाली प्रदेशमा २८ जनामा सङ्क्रमण देखिएको छ । नयाँ देखिएका बिरामीमध्ये नौ हजार छ सय १२ (८९ दशमलव ६) प्रतिशत) बिरामी १० जिल्लाका रहेका छन् । सुनसरीपछि मोरङ एक हजार तीन सय ४४, धादिङ एक हजार २७ जना, कास्की दुई सय २५ जना, धनकुटा दुई सय २३, दार्चुला एक सय ९२ जना, झापा एक सय ८२, काठमाडौं एक सय ५१ सङ्खुवासभा एक सय ४८ जना र तनहुँ ७९ जनामा डेङ्गुका बिरामी भेटिएका छन् । नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो ।

मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन र घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपन्छी व्यवस्थित ढङ्गले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाडामा पानी जम्न नदिन आग्रह गरेको छ।

# चार दिनपछि खुल्यो बेनी–जोमसोम सडक

रासस
मुस्ताङ २४ साउन

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम सडक चार दिनपछि सञ्चालन भएको छ।

म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ बैसरीको अधेरीखोलामा निरन्तर खसेको पहिराका कारण आइतबार बिहानदेखि अवरुद्ध भएको सडक आज दिउँसोदेखि सञ्चालन भएको बेनी–जोमसोम–कोरला सडक आयोजनाले जनाएको छ । आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले सवारी रोकिएपछि पहिरो पन्छाएर ७६ किलोमिटर दूरीको बेनी–जोमसोम सडकमा सिधा यातायात सञ्चालन गरिएको जानकारी दिनुभयो । आयोजनाको निर्माण कम्पनीका डोजर, कर्मचारी, मजदुर, नेपाली सेना र प्रहरीको टोली पहिरो पन्छाउने काममा परिचालन भएका थिए । सडक अवरुद्ध हुँदा मुस्ताङबाट आएका सवारीसाधन बैसरी र म्याग्दीबाट मुस्ताङतर्फ हिँडेका सवारीसाधन राहुघाट खण्डमा रोकिएका थिए । सडक खुलेपछि रोकिएका सवारीसाधन गन्तव्यतर्फ लागेका जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीका प्रमुख राजेन्द्र पौडेलले जानकारी दिनुभयो । मुस्ताङ जान र फर्किएका तीर्थयात्री, पर्यटक र स्थानीयवासी सडक अवरुद्ध हुँदा अलपत्र परेका थिए । बैसरीको अधेरीखोला खण्डमा सडकमाथिको पाखोबाट निरन्तर पहिरो खस्दा सवारीसाधन र यात्रुलाई चोटपटक लाग्ने र दुर्घटना हुने जोखिम छ । गत वर्षदेखि सुरु भएको पहिरो विस्तार हुनेक्रम जारी छ । भूमिगत पानीका कारण सडक माथिको पाखो बगरे पहिरो खसेको हो। जिल्ला प्रशासन कार्यालय म्याग्दीले बेनी–जोमसोम सडकको राहुघाटदेखि भुरुङ्ग तातोपानी खण्डमा रातको समयमा यात्रा नगर्न सूचनामार्फत अनुरोध गरेको छ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०४/२४

यस कार्यालयबाट मिति २०४७/१२/२६ मा कास्की जिल्ला पोखरा ०२ मा संचालन गर्ने गरि कास्कीकोट ०१ कास्की निवासी गोरीमाया सुवेदीको नाममा दर्ता भएको फर्म दर्ता नं. १७१४/०४७ को शान्ती प्रोभिजन स्टोर्स नामक प्राईभेट फर्मको प्रोप्राईटरले मिति २०७९/०३/३० मा मृत्यु भएको हुँदा निजको श्रीमान श्री नारायण दत्त सुवेदीले मिति २०८०/०४/२४ मा फर्म नामसारी गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार प्रोप्राईटरको श्रीमान पोखरा २४ कास्की निवासी श्री नारायण दत्त सुवेदीको निवेदन अनुसार फर्म नामसारी भई जाने व्होरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**


# पोखरा लिंकन कलेजमा गौरहरी दास प्रभुद्वारा प्रवचन

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन



यस पोखरा लिंकन कलेजले बुधबार 'लाइफ स्टायल एण्ड टाइम म्यानेजमेण्ट' विषयमा टाल्क प्रोग्राम आयोजना गरेको छ।

जसमा आइएसकेसिओएन पोखराका वेदाभित गौर हरी दास प्रभुद्वारा समय र जीवन यापन शैलीको सम्बन्धमा एक घण्टा प्रवचन दिनुभयो । कार्यक्रम बिएचएम र बिबिए कार्यक्रमका सबै विद्यार्थीहरुलाई लक्षित गरिएको थियो । कार्यक्रमको अन्त्यमा संस्थापक प्राचार्य पम्फा गुरुङद्वारा धन्यवाद मन्तव्य दिँदै यस्ता कार्यक्रमले विद्यार्थीहरुको व्यवहारिक पक्षको ज्ञानमा उन्नती हुने बताउनु भयो ।

# मालपोत कार्यालयबाट तीस करोड चौरासी लाख राजस्व सङ्कलन

पोखरापत्र संवाददाता
तनहुँ, २४ साउन

जिल्ला मालपोत कार्यालयले आर्थिक वर्ष २०७९/८० मा रु तीस करोड ८४ लाख तीन हजार ५४ राजस्व सङ्कलन गरेको छ।

आर्थिक वर्ष २०७८/७९ को तुलनामा गत आवमा रु १३ करोड ८३ लाख ७४ हजार छ सय १० कम राजस्व सङ्कलन भएको सो कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७८/७९ मा रु ४४ करोड ६८ लाख चार हजार छ सय ६४ राजस्व सङ्कलन भएको कार्यालयका सुब्बा एवं सूचना अधिकारी टीकाराम शर्मा घोरासाइनेले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७९/८० मा रजिष्ट्रेशन दस्तुरबाट रु पन्ध्र करोड ८० लाख पाँच हजार चार सय सत्र, पुँजीगत लाभकर रु एघार करोड उनान्नचालिस लाख सन्ताउन्न हजार पन्ध्र, रोक्का दस्तुर धितोसमेत गरी रु तीन करोड अठार लाख सत्तरी हजार राजस्व सङ्कलन भएको थियो।

त्यसैगरी नामसारी संशोधनबाट रु बैसठ्ठी लाख अठसठ्ठी हजार आठ सय सत्र, अन्य सेवाशुल्क र प्रशासनिक दस्तुर रु एघार हजार आठ सय पाँच राजस्व सङ्कलन भएको थियो । उहाँका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा कित्ताकाट रोकिएका कारण कारोबार घटेको थियो ।

सङ्कलित राजस्वमध्ये पुँजीगत लाभकर राजस्वबापत सङ्कलन भएको रु एघार करोड ३९ लाख ५७ हजार १५ सङ्घीय सरकारको खातामा पठाइने कार्यालय प्रमुख चिरञ्जीवी पौडेलले जानकारी दिनुभयो । बाँकी रहेको राजस्व रकममध्ये ६० प्रतिशत स्थानीय पालिका र ४० प्रतिशत गण्डकी प्रदेश सरकारको खातामा पठाइने उहाँको भनाइ थियो ।

# गोरखाको प्रवेशद्वारमा सहिद थापाको सालिक

पोखरापत्र संवाददाता
गोरखा, २४ साउन

गोरखा प्रवेश गर्ने मुख्य नाका गोरखा नगरपालिका–१३ देउरालीस्थित मझुवामा प्रथम सहिद लखन थापामगरको सालिक निर्माण गरिएको छ।

गोरखा–आँबुखैरेनीसडकखण्डमा पर्ने गोरखा मझुवास्थित गोरखा प्रवेशद्वारसँगै प्रथम सहिद थापामगरको पूर्णकदको सालिक स्थापना गरिएको हो ।

गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरका अनुसार सहिद थापामगरको सम्मान गर्न र गोरखा प्रवेश गर्ने प्रत्येकलाई उहाँको बारेमा जानकारी गराउने उद्देश्यले सालिक स्थापना गरिएको हो । गोरखा नगरपालिकाको रु १० लाख तथा नेपाल मगर सङ्घको रु दुई लाखको लागतमा सालिक निर्माण गरिएको हो ।

सहिद थापामगरले १९११ सालमा पुरानो गोरख गणमा भर्ना भएर १९२७ सालदेखि विद्रोहको थालनी गर्नुभएको इतिहास छ। सहिद थापामगरलाई १९३३ फागुन २ गते सहिद लखन गाउँपालिका–७ बुङ्कोटस्थित काहुले भञ्ज्यारमा तत्कालिन राणा शासकले मृत्युदण्ड दिएका थिए । उहाँलाई २०५६ सालमा नेपाल सरकारले सहिद घोषणा गरेको हो ।

# बेनी–जोमसोम सडक तीन दिनदेखि अवरुद्ध

रासस
बेनी, २४ साउन

गत शनिबार रातिदेखि अवरुद्ध बेनी–जोमसोम सडक बुधबारबिहानसम्म पनि नखुल्दा मुस्ताङ जाने र त्यहाँबाट फर्कने पर्यटक तथा यात्रु अलपत्र परेका छन् ।

रघुगङ्गा गाउँपालिका–१ र २ को सिमानाबाट झरेको पहिरोले रघुगङ्गा–३ बैसरीमा सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ । पहिरोले सडक अवरुद्ध भएपछि मुस्ताङ भ्रमणमा आएका भारतीय, तेस्रो मुलुकका पर्यटकलगायत यात्रु बीच बाटोमा नै अलपत्र परेका छन् । स्थानीयले दिएको जानकारीअनुसार भारत र तेस्रो मुलुकबाट आएका ५६ पर्यटक बेनी फर्कने वा पहिरो पार गरेर मुस्ताङ जाने भन्ने अन्योलमा छन् । शनिबारदेखिको अविरल वर्षाले सडकको सिरानबाट आएको पहिरोका कारण बेनी–जोमसोम सडक खण्डअन्तर्गत म्याग्दीको बैसरीमा सडक अवरुद्ध भएको हो । वर्षाले गर्दा नियमित रूपमा पहिरो झरेका कारणले सोझो यातायात सञ्चालन गर्न नसक्दा मुस्ताङ जाने र मुस्ताङबाट फर्कने पर्यटक, तीर्थयात्री तथा सवारी साधनलाई समस्या भएको हो ।

बैसरीमा दैनिकजसो खस्ने पहिरोले बेनी–जोमसोम सडकको यातायात सेवा प्रभावित हुने गरेको छ । सडक माथिबाट खस्ने पहिरो निरन्तर खस्न थालेपछि म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम–कोरला सडकमा दैनिकजसो यातायातका साधन आवतजावत बन्द हुने गरेको हो । सडक अवरुद्ध हुँदा म्याग्दीको रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका, मुस्ताङका सर्वसाधारणका साथै तीर्थयात्री र पर्यटकले सास्ती खेप्दै लामो समय सडकमै बस्नुपरेको छ भने समयमा गन्तव्यमा पुग्न पाएका छैनन् । सडक माथिको करिब चार सय मिटर चौडाइ र पाँच सय मिटर लम्बाइको पाखोमा पहिरो खसिरहेको छ। पाखोबाट खस्ने ढुङ्गा र पहिरोले गुडिरहेका सवारीसाधनलाई क्षति पुग्ने, यात्रुलाई चोटपटक लाग्ने गरेको छ । गत वर्षदेखि बैसरीमा पहिरो खस्न सुरु गरेको हो । वैकल्पिक रूपमा सडक स्तरोन्नतिमा ध्यान नदिंदा ठूला सवारीसाधन पहिरोले रोकिनुपर्ने अवस्था छ भने जिप र मोटरसाइकलले बैसरी–रिसिनचौतारी–पिप्ले–घुमाउने ताल जोड्ने सडक प्रयोग गर्दै आएका छन् । वैकल्पिक सडक जीर्ण, साँघुरो र जोखिमयुक्त छ । कूल ७६ किलोमिटर दूरीको बेनी–जोमसोम सडकमा सिधा यातायात सञ्चालन नहुँदा आवतजावत र कृषिउपज निकासी प्रभावित भएको छ ।

जिल्ला कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक मदन कुँवरले बेनी–जोमसोम सडकमा खास काम नभई यात्रा गर्न नहुने बताउनुभयो । वर्षा भइरहेको र पहिरो खसिरहेकाले पानी पर्न बन्द नहुन्जेल सडक स्थायी रूपमा खुलाउन समस्या भएको उहाँको भनाइ छ ।

बेनी–जोमसोम–कोरला सडक आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले भिरमाथिको पाखो भूमिगत पानी र पहिरोले चिराचिरा भएर सडकमा पहिरो खसिरहने हुँदा जोखिमका साथै सडक अवरुद्ध हुने गरेको बताउनुभयो । सडकमा थुप्रिने पहिरो डोजरको सहायताले कालीगण्डकीमा खसालेर पन्छाउने गरिएको छ । बेनी–जोमसोम–कोरलासडकआयोजनाका प्रमुख जगत प्रजापतिको नेतृत्वमा केही दिनअघि भूमिगत पानी पाइपबाट बगाएर पहिरो रोकथामको प्रयास भए पनि सफल भएको छैन । आकाशबाट पानी पर्नेबित्तिकै सडकमापहिरो खस्ने समस्या छ ।

# कोटा निर्धारण नहुँदा रासायनिक मल गोदामै थन्कियो

रासस
तनहुँ, २४ साउन

खेती गर्ने समयमा रासायनिक मल नपाउँदा किसान चिन्तित बनेका छन् । गोदाममा रासायनिक युरिया मल भए पनि तनहुँ, लमजुङ र गोरखाका किसानले पाएका छैनन् ।

कोटा निर्धारण गर्न ढिलाइ भएकाले भण्डारण गरी राखिएको मल वितरण गर्न नसकिएको कृषि सामग्री कम्पनी लिमिटेड दमौलीले जनाएको छ । कोटा निर्धाणरमा ढिलाइ हुँदा मल वितरणमा पनि ढिला भएको कम्पनी दमौलीका शाखा प्रबन्धक दिनेश शर्माले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले वितरणका लागि कोटा निर्धारण गर्न ढिला गर्दा समयमा मल वितरण गर्न नसकिएको उहाँले बताउनुभयो । हालसम्म जिल्लामा एक सय ९० मेट्रिकटन युरिया मल आएको भए पनि वितरण हुन ढिला भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "एक सय ९० मेट्रिक टन मल आइसकेको छ, करिब दुई सय टन मल आउने सम्भावना छ, तर कोटा निर्धारण नभएकोले बाँड्न पाइएको छैन ।" माग छ सय टनको भए पनि दुई सय टन मात्रै आउने सम्भावना भएकोले मलको अभाव हुने उहाँको भनाइ छ ।

मागअनुसारको मल आपूर्ति नभएकाले मलको अभाव भएको उहाँले बताउनुभयो । शाखा प्रबन्धक शर्माका अनुसार एक जिल्लाका लागि चाहिने जति मल तीन जिल्लामा बाँड्नुपर्ने हुँदा मलको अभाव रहेको छ । आवश्यक रासायनिक मल व्यवस्थापनमा काम गर्दै आएका सरकारी निकायले नै मागअनुसार मल उपलब्ध गराउन सक्ने अवस्थामा नभएपछि यस पटक सुरुदेखि नै मल अभाव भएको छ । सरकारी अनुदानको रासायनिक मल खरिदको जिम्मा पाएको कृषि सामग्री कम्पनीले बजार मागअनुसार रासायनिक मल ल्याउन नसक्दा किसानले मलको अभाव खेप्नुपर्ने अवस्था रहेको छ । तनहुँ, लमजुङ र गोरखाका लागि मागअनुसारको रासायनिक मल वितरण गर्ने गरेको कम्पनीले जनाएको छ । कम्पनीमा आएको एक तिहाइ मात्रै मल कोटा निर्धारण गरी किसानलाई वितरण गर्दै आएको जनाएको छ । व्यास नगरपालिका-५ पाटन निवासी मनिसरा आलेले मल बिक्री गर्ने सबै पसलमा धाउँदा पनि मल नपाइएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "विगतका वर्ष जस्तै यसवर्ष पनि रासायनिक मल अभावले गर्दा उत्पादन घट्ने चिन्ताले सताएको छ ।" त्यस्तै व्यास नगरपालिका-५ चिन्तुटार निवासी शङ्कर गुरुङले धानमा मल राख्ने समयमा मल नपाउँदा उत्पादन घट्ने अवस्था आएको बताउनुभयो । उहाँले भन्नुभयो, "मल पाइन्छ कि भनेर धेरै पटक धाइयो, तर पाउनै सकिएन, समयमा मल राख्न नपाएपछि कसरी उत्पादन हुन्छ खै खेती ?" पर्याप्त मात्रामा मल वितरण गर्ने हो भने तीन जिल्लाको लागि तीन हजार मेट्रिक टन युरिया, डिपिए एक हजार मेट्रिक टन र पोटास एक सय ५० मेट्रिक टन आवश्यक पर्नेमा एक तिहाइ मात्रै आउने गरेको शाखा प्रबन्धक शर्माले जानकारी दिनुभयो । तनहुँमा ९०, लमजुङमा ४४, गोरखामा ६३ गरी एक सय ९७ बिक्रेतामार्फत समान रूपमा रासायनिक मल वितरण गरिएको उहाँले बताउनुभयो ।

सरकारले परिमाणको आधारमा रकम विनियोजन गर्ने हो भने मलको अभाव नहुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "जति आवश्यक पर्छ सोही परिमाणका आधारमा अनुदान दिइनुपर्छ, रकम विनियोजन गर्दा मूल्य वृद्धि भयो भने परिणाम घटेर मलको अभाव सिर्जना हुन्छ, यसको समाधानमा सरकारले ध्यान दिनु आवश्यक छ ।" खेतबारीमा प्राङ्गारिक मलभन्दा अधिकांशले रासायनिक मलको प्रयोगलाई बढाउँदै लगेकाले मलको मागसमेत बढ्दै कम्पनीले जनाएको छ । मल आपूर्ति हुनासाथ कोटा छुट्टाउने प्रक्रिया छिटो गरिएमा बारम्बार ताकेता गर्नुपर्ने अवस्थाको अन्त्य गरिनुपर्ने शाखा प्रबन्धक शर्माले बताउनुभयो । कोटा छुट्याउने प्रक्रिया लामो हुँदा ढिला गर्न नहुने उहाँले बताउनुभयो । धान बालीमा कम्पोस्ट मलको प्रयोग हुन छाडिसकेको छ । सबैतिर रासायनिक मलकै प्रयोग भइरहेकाले मलको अभावले उत्पादनमा प्रभाव पार्ने देखिएको छ । "कोटा निर्धारण भएर आएको छ, आजबाट दुई जिल्लाका सम्बन्धित बिक्रेतालाई वितरण गर्नेछौँ", उहाँले भन्नुभयो । यस कम्पनीमार्फत तनहुँ र लमजुङका लागि मल आपूर्ति भएको उहाँले बताउनुभयो ।

तनहुँका लागि व्यास नगरपालिका-२ गणेशमान चोकस्थित मेलमिलाप कृषि सहकारी संस्थाकी व्यवस्थापक पूजा भट्टराई न्यौपानेले एक सय बोरा मलको माग भएकोमा १० बोरा मात्रै आएको बताउनुभयो । आवश्यक मल नै नआउँदा किसानलाई वितरणमा समस्या हुने गरेको बताउनुभयो ।

कम्पनीमा एक सय ९० मेट्रिक टन युरिया, ६० मेट्रिकटन पोटास र ६० मेट्रिक टन डिएपी मल भण्डारमा रहेको छ । युरिया बढी माग हुने भएकाले आजैबाट वितरण हुनेगर्छ । कम्पनीमा आवश्यकताको ८० प्रतिशत युरिया आपूर्ति भएको छ, भने १० प्रतिशत साल्ट ट्रेडर्समार्फत पूर्ति हुने बताइएको छ । पोटास र डिएपी भने मागअनुसार वितरण गर्ने गरिएको कम्पनीले जनाएको छ ।



लेकसाइड घुम्दै पर्यटकः
पोखराको लेकसाइड घुम्दै विदेशी पर्यटक । तस्बिरः राधिका कँडेल/रासस

# उत्तरवाहिनीमा एक सय आठ धारा बन्दै

पोखरापत्र संवाददाता
गल्याङ, २४ साउन

यहाँस्थित प्रसिद्ध उत्तरवाहिनी क्षेत्रमा एक सय आठ धारासहित विशाल शङ्ख, हिमाल, गुफा, मुक्तिनाथ भगवानको प्रतिमालगायतका संरचना बन्ने भएको छ । एक सय आठ धारा निर्माण भइरहेका छन् ।

स्याङ्जाको गल्याङ नगरपालिका-१ स्थित महालिङ्गधाम भनेर चिनिने ऐतिहासिक शङ्खे पीपल परिसरमा गुफाभित्र झरना, ध्यानस्थल, देवीदेवताका प्रतिमा लगायतका संरचना निर्माण गरिने मुक्तिनाथ धाम निर्माण समितिका संयोजक जगदीश गैरेले जानकारी दिनुभयो । उहाँका अनुसार ७५ मिटर लामो गुफाको प्रवेशद्वारमा शङ्ख र सिंहको प्रतिमा निर्माण हुनेछन् ।

कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानका सचिव सोमनाथ न्यौपानेले उत्तरवाहिनी क्षेत्रलाई धार्मिक गन्तव्यको केन्द्र बनाउन यस क्षेत्रका नागरिकको विशेष योगदान रहेको बताउनुभयो । "धारा, गुफा, प्रतिमासहितका संरचना बनाउन रू ७० लाख बढी खर्चको अनुमान गरिएको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म शिला लेखमा नाम लेखिने गरी इच्छुकबाट प्रतिव्यक्ति रू १२ हजारका दरले सहयोग रकम सङ्कलन गरिएको छ ।"

प्रतिष्ठानका अध्यक्ष चैतन्यकृष्ण प्रभुले हिन्दू धर्मशास्त्रमा उत्तरवाहिनी र कालीगण्डकीको विशेष महत्व रहेको उल्लेख गर्दै प्रतिष्ठानको संरक्षकत्वमा यहाँ कालीगण्डकी गुरुकुल समेत सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार प्राकृतिक अस्पतालसमेत निर्माणाधीन अवस्थामा छ ।

"उत्तरवाहिनी क्षेत्र पछिल्लो समय धार्मिक एवं पर्यटकीय गन्तव्यका रूपमा चिनिँदै गएको छ । यहाँ देश तथा विदेशबाट धार्मिक पर्यटक कालीगण्डकी स्नानसँगै शालग्राम चक्रशिलाको पूजाका लागि आउने गरेका छन्", प्रभुले भन्नुभयो, "यस क्षेत्र भगवान् रामसहित मार्कन्डेय, मृकण्डु आदिले तपस्या गरेको ठाउँ हो । ऋषि मार्कन्डेयको जन्म पनि यहीँ भएको विश्वास छ ।" यहाँ अद्भुत चक्रशिला, शङ्खको ध्वनि आउने पीपल, एक सय आठ शिवलिङ्ग, करिब दुई सय जना बास बस्न मिल्ने आवास गृह, स्नान गर्ने घाटलगायत संरचना भएकाले पनि यसको अत्यन्त महत्व बढ्ने को उहाँको भनाइ थियो । यहाँ सुन्दर, मनोरम र आध्यात्मिक साधनाका लागि उपयुक्त भएको भन्दै प्रभुले यहाँ कहिलेकाही र्‍याफ्टिङ पनि हुने जानकारी दिनुभयो ।

उत्तरवाहिनीमा औँसी तथा कुसे औँसीमा श्राद्ध गर्न आउनेहरूको भीड हुन्छ । वैशाख सङ्क्रान्ति, हरिबोधनी एकादशी, हरिशयनी एकादशी, माघे सङ्क्रान्ति, बालाचतुर्दशीलगायतका विभिन्न तिथि तथा पर्वमा स्नान, पूजा एवं दर्शन गर्न आउनेहरूको भीड लाग्ने गरेको प्रभुले बताउनुभयो । उहाँले भन्नुभयो, "कालीगण्डकी महालिङ्गधाममा आइपुगेपछि तीन किलो मिटर उत्तरतर्फ फर्केर बगेकाले यस क्षेत्रलाई उत्तरवाहिनी भनिएको हो । उत्तरवाहिनी धार्मिक दृष्टिकोणले निकै दुर्लभ र महत्वपूर्ण मानिन्छ ।" प्रभुले निकट भविष्यमा यसै क्षेत्रमा मार्कन्डेय ऋषिको प्रतिमा निर्माण गरिने तयारी भइरहेको पनि बताउनुभयो । उहाँले यस क्षेत्रको महत्व उजागर गरी धार्मिक पर्यटन प्रवर्द्धनसँगै भौतिक संरचनाको विस्तार गर्दै विश्वभर चिनाउने तथा राष्ट्रलाई आर्थिक क्षेत्रमा योगदान पुऱ्याउने लक्ष्य रहेको स्पष्ट पार्नुभयो ।

गल्याङ बजारका व्यवसायी शिशिर पौडेलले उत्तरवाहिनी धार्मिक दृष्टिकोणले अन्य धार्मिक स्थलभन्दा पृथक लाग्ने भएकाले यो अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो । "पैसा खर्च गरेर मुक्तिनाथ जान नसक्नेहरूका लागि मुक्तिनाथबाटै बगेर आएको जलले एक सय आठ धाराबाट स्नान गर्न पाउनु गौरवको विषय हो", उहाँले भन्नुभयो, "उत्तरवाहिनी क्षेत्रको विकास हुँदा स्याङ्जा, पाल्पा र देशको विकासमा समेत कोसेढुङ्गा साबित हुने विश्वास छ ।"


## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### वालिङ, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०४/२५ गते**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकाको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि २०७७ को व्यवस्था बमोजिम नगरसभाबाट स्वीकृत भए बमोजिम तपसिलमा उल्लेखित नदी/खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी वालिङ नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धी सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | ठेक्का नाम (विवरण) | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम मु.अ.कर बहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | २/२०८० /०८१ | भिरकोट नगरपालिकाको सीमाना ओढारेदेखि सुर्कौदी पुलको मापदण्डसम्म वालिङ न.पा. वडा नं १/६/९ र ११ | २१४५७ | ५३,००,०००/० | १,४५,७५०/० | ३०००/० |
| २ | ३/२०८० /०८१ | सुर्कौदी पुलको मापदण्डदेखि तल गल्याङ नगरपालिकाको सिमानासम्म वालिङ न. पा. वडा नं ८/९/१० र १३ | १७००४ | ४२,००,०००/० | १,१५,५००/० | ३०००/० |

शर्तहरुः

१) फर्मको हकमा आ व २०८०/०८१ को लागि नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नगरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, यस कार्यालयको नेपाल बैंक लि. वालिङ शाखामा रहेको यस कार्यालयको खाता नं ०८३०३०००००१००१००००१ मा जम्मा गरेको बैंक भौचर वा राजस्व शाखामा नगदै रु.३००० तिरेको रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र बैंक जम्मा गरेको बैंक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको www.ppmo.gov.np (विद्युतीय माध्यम) द्वारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ । आफूले बोलकबोल गरेको अंकको धरौटी वापतको रकम यस कार्यालयको नेपाल बैंक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं ०८३०३००००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौंचर वा ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैँक जमानत १२० दिनको म्याद भएको विड बण्ड पेश गर्नु पर्नेछ ।

२) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन् र रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २ बजे देखि कार्यालयका प्रतिनिध, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोपत्पत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

३) प्रि विड बैठक यो सूचना प्रकाशित मितिले ७ दिन दिनको २ बजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गन सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

४) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

५) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टांस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत रु.५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउन पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०८१ साल जेष्ठ १५ गतेसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउन पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक सो वा शूल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउन पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन पर्नेछ ।

६) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम हुनेछ । साथै यस कार्यलयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

७) **बोलपत्र फारम खरिद/दर्ता गर्ने समयः**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति २०८०/०५/२४, समय ११.०० बजेभित्र । | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०८०/०५/२४ गते, समयः १२:०० बजे भित्र । | बोलपत्र खोल्ने मिति २०८०/०५/२४ गते समयः २:०० बजे । |